ISSN 2321-144X

# नेपाली अकादमी जर्नल

# NEPALI ACADEMY JOURNAL




Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

ENLIGHTENMENT TO PERFECTION

## उत्तर बङ्ग विश्वविद्यालय
## नेपाली विभाग

CamScanner

# नेपाली अकादमी जर्नल

नेपाली भाषा, साहित्य र संस्कृतिबारे अनुसन्धानमूलक अर्द्धवार्षिक

वर्ष : १४ अङ्क : १४ जुन, २०१८

सम्पादक

**मोहन पी. दाहाल**

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

उत्तर बङ्ग विश्वविद्यालय
नेपाली विभाग

CamScanner

सम्पादन मण्डलीका सदस्यहरू

अर्जुन प्रसाद

नरेशचन्द्र खाती

कृष्णराज घतानी

© सर्वाधिकार सुरक्षित

IS

सम्पादक : मोहन पी. दाहाल [Email ID : mohanpdahal.nbu@gn

प्रकाशक : रजिस्ट्रार, उत्तर बङ्ग विश्वविद्यालय

मुद्रक : उत्तर बङ्ग विश्वविद्यालय छापाखाना
राजाराममोहनपुर,
दार्जिलिङ - ७३४०१३

सम्पादन कार्यालय : नेपाली विभाग
उत्तर बङ्ग विश्वविद्यालय

दूरभाष : (०३५३) २७७६३२०

कम्प्युटर सज्जा : लक्ष्मीप्रसाद गुरागाईं

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# लेखकहरूको सङ्क्षिप्त परिचय

- **तुलसी प्रसाद गौतम** : उपप्राध्यापक, नेपाली विभाग, त्रिचन्द्र क्याम्पस, (त्रिविवि), काठमाडौं।
- **गीता थपलिया त्रिपाठी** : उपप्राध्यापक, नेपाली विभाग, रत्नराज्य लक्ष्मी क्याम्पस, (त्रिविवि), काठमाडौं।
- **जीवनकुमार श्रेष्ठ** : उपप्राध्यापक, नेपाली विभाग, पाटन संयुक्त क्यामपस, (त्रिविवि), काठमाडौं।
- **भुपेन तामाङ** : उपप्राध्यापक, नेपाली विभाग, दार्जिलिङ सरकारी कलेज (उववि)।
- **रेमिका थापा** : उपप्राध्यापक, नेपाली विभाग, परिमल मित्र स्मृति महाविद्यालय, (उविवि), मालबजार, जलपाइगढी।
- **मेहरमान सुब्बा** : उपप्राध्यापक, क्लुनी वुमन्स कलेज, (उववि), कालेबुङ।
- **सुचन प्रधान** : उपप्राध्यापक, सरकारी महाविद्यालय, रिनक (सिक्किम)।
- **कल्पना त्रिपाठी** : शोधार्थी, त्रिविवि, काठमाडौं।
- **सोनाम शेर्पा** : सहशिक्षक, दार्जिलिङ सरकारी विद्यालय,
- **नवीन नेपाल** : शोधार्थी, भारतीय भाषा विभाग, काशी हिन्दू विश्वविद्यालय।
- **कल्याणी शर्मा** : शोधार्थी, उत्तर बङ्ग विश्वविद्यालय।
- **बुनु शर्मा** : पूर्वविद्यार्थी, नेपाली विभाग, (उववि)।
- **मुक्तिनाथ शर्मा** : पूर्वविद्यार्थी, नेपाली विभाग, (उववि)।

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

CamScanner

# भिन्न क्षमताको अध्ययनका दृष्टिले 'शीतलहर' कथाको विश्लेषण

■ मुक्तिनाथ शर्मा

## १. सैद्धान्तिक परिचय

भिन्न क्षमताको अध्ययन सांस्कृतिक अध्ययनको क्षेत्रमा एउटा नवीन विषयका रूपमा स्थापित भएको छ। भिन्न क्षमताको अध्ययन अङ्ग्रेजीको 'डिजाबिलिटी स्टडीज' (Disability Studies) शब्दको नेपाली रूपान्तरित शब्द हो। यसलाई कतै विकलाङ्ग अध्ययन, कतै अपाङ्गता अध्ययन पनि भनिएको पाइन्छ। समालोचक सञ्जीव उप्रेतीले यसलाई 'फरक क्षमताको अध्ययन' भन्ने संज्ञा दिएका छन्।

विकलाङ्ग तत्सम शब्द हो, 'विकल' शब्दमा 'अङ्ग' परसर्ग जोडिएर विकलाङ्ग शब्दको निर्माण हुन्छ। विकल शब्दले असमर्थ, निर्धो, निमुखो भन्ने बुझिन्छ भने अङ्ग शब्दले मानव शरीरको विभिन्न अङ्गलाई इङ्गित गर्दछ। तसर्थ विकलाङ्ग भन्नाले कुनै पनि मानिस वा व्यक्तिको शारीरिक, मानसिक, ऐन्द्रिक एवं बौद्धिक विकाससँग सम्बन्धित कुनै पनि प्रकारको कमी बुझिन्छ।

भिन्न क्षमताको अध्ययनद्वारा मुख्यतः साहित्यिक कृतिहरूमा चित्रण गरिएका अल्पसङ्ख्यक विकल अवस्थामा रहेका मानिसहरूको सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनैतिक स्थितिब विश्लेषण गरिन्छ। यसका साथै भिन्न क्षमता भएका मानिसहरूलाई अन्य सामान्य अ मानिसहरूद्वारा के कस्तो व्यवहार गरिन्छ एवं स्वयम् उनीहरूले आफूलाई अन्य सामान्य मा प्रस्तुत गरेका छन् भन्ने कुराको पनि अध्ययन र विश्लेषण गरिन्छ।

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

भिन्न क्षमताको अध्ययन एक जटिल विषय हो। भिन्न क्षमताको अध्ययनमा लागेका विद्वान्हरू माझ रहेको वैचारिक विविधताको कारणले यहाँ जटिलता उत्पन्न भएको छ। आदर्शवादी विद्वान्हरू विकलाङ्गता ईश्वरद्वारा निर्मित विषय मान्दछन् अनि विकलाङ्गताको समस्या सृष्टिको व्युत्पत्तिसँगै समाजमा सुरू भएको हो भन्ने तर्क राख्दछन्, उनीहरू विकलाङ्गलाई प्राकृतिक समस्याका रूपमा हेर्ने गर्दछन्। आदर्शवादी अनुसार विकलाङ्गता चिकित्साको विषय हो।

अर्कातिर भौतिकवादीहरूले विकलाङ्ग समस्या समाजद्वारा निर्माण गरिएको हो भन्दछन्। उनीहरू यसलाई सामाजिक र आर्थिक विषमताको परिणाम मान्दछन्। विकलाङ्गता अध्ययनको उद्देश्य समाजमा सामान्य मानिसहरूद्वारा विकलाङ्गहरूप्रतिको व्यवहार अनि उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक स्थितिको अध्ययन गर्नु हो भन्ने भौतिकवादीहरूको मत रहेको छ।